# शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

प्रदेश न. १, झापा

## मकरडुवा खोलाको पुलमा Wing Wall निर्माणको लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सिलबन्दी दरभाउपत्र नं SM/SQ/01/2075/076

दोस्रो पटक सूचना प्रकाशित भएको मिति: २०७५/१२/११

१. शिवसताक्षी नगरपालिका,नगर कार्यपालिकाको कार्यालयले मकरडुवा खोलाको पुलमा wing wall निर्माणको लागि सिलबन्दी दरभाउपत्र आह्वान गर्दछ। उल्लिखित निर्माण कार्यको अनुमानित लागत मूल्य रु १२,७०,९२०।२६( मु.अ.क र कन्टीन्जेन्सी बाहेक) रहेको छ।

२. सिलबन्दी दरभाउपत्रपेश गर्न ईच्छुक र योग्य दरभाउ पत्रदाताहरूले थप जानकारीको लागि वा सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम हेर्नको लागि शिवसताक्षी नगरपालिका, प्रदेश न.१, झापा, ०२३-४७०३२३ र dms.shivasatakshimun@gmail.com मा सम्पर्क राख्न सकिनेछ।

३. योग्यनिर्माण व्यवसायीले मिति २०७५/१२/२५ कार्यलय समय भित्रमा १,००० रुपैयाँ (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ,आ.व. २०७४/७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र प्यान/भ्याट दर्ताको प्रमाणपत्रको प्रतिलिपि सहित लिखित निवेदनमा पेश गरी सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन्।

४. सिलबन्दी दरभाउपत्र मिति २०७५/१२/२६ गते १२:०० बजे भित्र खरिदकर्ताको कार्यालयको नाम र ठेगानामा दर्ता गराउनु पर्नेछ उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ।

५. प्राप्त भएका सिलबन्दी दरभाउ पत्रहरु मिति २०७५/१२/२६ गते दिनको ठिक २ बजे उपस्थित हुन चाहने निर्माण व्यवसायीका प्रतिनिधिहरुको रोहबरमा शिवसताक्षी नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, झापामा खोलिनेछ। दरभाउ पत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिन देखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनुपर्नेछ। दरभाउपत्रको साथ रु ३७,५००।०० दरभाउ पत्र जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अबधिभन्दा कम्तिमा पनि ३० दिन बढी (अर्थात् दिन/महिना/गतेसम्म) हुनु पर्नेछ। दरभाउपत्रदाताले जमानत बापत नगदै राख्न चाहेमा मेगा बैंक लि. , बिर्तामोड शाखा मा रहेका खाता न. ०१७००१००७४८४४ मा त्यस्तो रकम जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

६.दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा दरभाउ पत्र तथा दरभाउ पत्र जमानतको मान्य अवधि साविक कै मिति देखि गणना गरिनेछ।